## बकैया गाउँकार्यपालिकाको मिति २०७८।०८।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. गाउँपालिका स्तरीय तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा बहुक्षेत्रीय पोषण कार्यक्रम बजेट बाँडफाँड सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि बहुक्षेत्रीय पोषण योजना (दोस्रो) बमोजिमको गाउँपालिका स्तरीय तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकामा प्राप्त हुने बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेटलाई तपसिल बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

**क. शासकीय प्रवन्धः रु. ५,००,०००।-**

१. गाउँपालिका स्तरीय तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा नर्देशक समिति गठन, बैठक सञ्चालन र अभिमुखिकरणः रु. ८४,०००।-

२. गाउँपालिका भित्रका उच्च माद्यामिक विद्यालय र माद्यामिक विद्यालयका किशोर किशोरीहरुलाई सामाजिक गलत अभ्यास (बाल विवाह, लैङ्गिक हिंसा) प्रजनन् स्वास्थ्य, पोषण शिक्षा विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नेः रु. ७५,०००।-

३. कृषि विकास क्षेत्रः रु. ७५,०००।-

४. पशुपंक्षी विकास क्षेत्रः रु. ७५,०००।-

५. खानेपानी तथा सरसफाई रु. १,९१,०००।-

**ख. स्वास्थ्य क्षेत्रः रु. ३,००,०००।-**

१. ओटिसी व्यवस्थापनः रु. ३०,०००।-

२. आम अभिमुखिकरण कार्यक्रमः : रु. १,२०,०००।-

३. किशोर किशोरीहरुका लागि फोलिक एसिड वितरण कार्यक्रमः रु. १,५०,०००।-

### २. स्वास्थ्य संस्थाहरुको नामाकरण सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको नामाकरण देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | स्वास्थ्य संस्थाको नाम |
|---|---|---|
| १ | १ | महादेवडाँडा आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| २ | २ | धियाल स्वास्थ्य चौकी |
| ३ | ३ | हात्तीसुँडे आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| ४ | ४ | बकैया अस्पताल |
| ५ | ५ | राजदमार आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| ६ | ६ | जुईना आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| | | |

| | | |
|---|---|---|
| ७ | ७ | भिरकोट आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| ८ | ८ | बस्तीपुर आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| ९ | ९ | शिखरपुर स्वास्थ्य चौकी |
| १० | १० | मन्थली स्वास्थ्य चौकी |
| ११ | ११ | सिमात आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| १२ | १२ | ठिंगन स्वास्थ्य चौकी |

**३. स्वास्थ्य संस्था सुधार कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य सेवालाई अझ सुदृढ गर्नका लागि तपसिल बमोजिमको सुधार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

क. महादेवडाँडा आधारभूत स्वास्थ्य सेवा केन्द्रको नयाँ भवन निर्माणको लागि इस्टमेट तयार गरि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने,

ख. ठिंगन स्वास्थ्य चौकी भवनको लागि इस्टमेट र डिजाइन तयार गरि बागमती प्रदेश सामाजिक विकास मन्त्रालय र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने,

ग. परिवार नियोजनको स्थायी सेवाको लागि एम्बुलेन्स खर्च वापत रु. २,०००।- उपलब्ध गराउने र सो रकम प्रसुतीको लागि एम्बुलेन्स खर्च शिर्षकबाट उपलब्ध गराउने,

घ. जुइना आधारभूत स्वास्थ्य सेवा केन्द्र र ठिंगन स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने,

ङ. बकैया १०, ११ र १२ को लागि एम्बुलेन्स खरिद गर्न भन्सार छुटको लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत नेपाल सरकार अर्थ मन्त्रालयलाई सिफारिस गर्ने,

च. बकैया अस्पतालको डिपिआर सम्पन्न गरि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँगको समन्वयमा ठेक्का खुलाउने,

छ. छतिवन प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित आँखा जाँच सेवा सञ्चालन गर्ने,

ज. जिल्ला स्वास्थ्य कार्यालयसंगको समन्वयमा स्वास्थ्यकर्मीहरुका लागि क्षयरोगको आधारभूत तालिम तथा खोप सम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालन गर्ने,

झ. ठिंगन र महादेव डाँडामा महिला स्वास्थ्य स्यवंसेविकाहरुलाई सम्मान र सहायक सामाग्री वितरण गर्ने,

ञ. खोप सम्बन्धी गाउँपालिका स्तरीय अभिमुखिकरण सम्पन्न भईसकेकोमा १२ वटै वडाहरुमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि कोभिड-१९ विरुद्धको दोस्रो चरणको भेरोसिल खोप कार्यक्रम सञ्चालन गर्ने तथा माइक्रो प्लानिङ्ग गरि मास क्याम्पिङ्ग खोप कार्यक्रम आयोजना गर्ने,

ट. पौषको दोस्रो साता बालमैत्री समिक्षा गरि ५१ वटा सूचकबारे अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने,

ठ. जुइना आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा भिरकोट आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन अगाडी सम्याउने तथा खानेपानीको व्यवस्थापन गर्ने,

ड. संघीय सशर्त कार्यक्रम अनुसार आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन बाँकी निर्माणको कार्यहरु लगत अनुमान तयार गरि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आवश्यक रकमको माग गर्ने ।

**४. बालमैत्री सूचक अवलम्बन तथा बालमैत्री सुनिश्चित गाउँपालिका सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा बालमैत्री स्थानीय तह घोषणाका लागि ३९ सूचकहरु रहेकोमा सोही बमोजिमको सूचकहरु पुरा गरि यस गाउँपालिका बालमैत्री गाउँपालिका घोषणा भइसकेकोमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार ५१ वटा सूचकहरु कायम भएकोले सो निर्देशिका बमोजिमका ५१ वटा सूचकहरु अवलम्बन गर्ने निर्णय गरियो । साथै गाउँपालिकाका १२ वटै वडाहरुमा उक्त सूचकहरुको अवस्था जाँचबुझ गरि मापदण्ड नपुगेका सूचकहरु पुरा गरि गाउँपालिकालाई पुनः बालमैत्री सूनिश्चित गाउँपालिकाको रुपमा स्थापित गर्ने निर्णय गरियो ।

**५. मतदाता नामावली संकलन विशेष कार्यक्रम सञ्चालन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा निर्वाचन आयोगको "मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८" अन्तर्गत यस गाउँपालिकामा मिति २०७८।०८।१७ गतेदेखि शुरु भई मिति २०७८।०९।०२ गते सम्मको लागि सञ्चालन भईरहेको मतदाता नामावली संकलन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

**६. दोस्रो माझी राष्ट्रिय गोल्डकपमा सहभागितका लागि रकम उपलब्ध गराउने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा माझी समुदायले दोस्रो माझी राष्ट्रिय गोल्डकप रामेछापको मन्थलीमा सञ्चालन गरिरहेको र नेपाल माझी उत्थान संघ जिल्ला कार्य समिति मकवानपुरले कार्यक्रममा सहभागितका लागि आर्थिक सहयोग माग गरेकोमा उक्त संस्थालाई रु. २,००,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**७. अन्तरपालिका फुटबल प्रतियोगिता सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समिति मकवानपुर हेटौंडाको प.सं. २०७८।०७९, च.नं. २५६, मिति २०७८।०८।१६ गतेको पत्रानुसार सो समितिको आयोजना तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरको व्यवस्थापनमा मिति २०७८ मंसिर १८ देखि २५ गतेसम्म सञ्चालन हुने फुटबल प्रतियोगितामा पत्रको साथ प्राप्त नियम बमोजिम खेलाडीहरुलाई सहभागिताको लागि पठाउने निर्णय गरियो । साथै उक्त खेलमा सहभागिताको लागि खेलकुद शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

**८. नापी नक्सा कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकामा सञ्चालित नापी नक्सा कार्यक्रमलाई सबै वडा कार्यालयमा विस्तार गर्ने र सो को लागि परामर्शकर्ता मार्फत कार्य गराउने तथा आवश्यकता अनुसार करार सेवामा थप २२ जना अमिन कर्मचारी नियुक्त गर्ने निर्णय गरियो ।

**९. सामाजिक परिचालकहरुको पदनाम सम्बन्धमाः-**

यस गाउँपालिका भित्रका साविकका गाविसहरुमा कामकाज गरिरहेका तथा बकैया गाउँपालिकाको कार्य सञ्चालनका लागि गाउँपालिकाले सेवा करार निरन्तरता गराई कामकाज गरिरहेका तपसिल बमोजिमका सामाजिक परिचालकहरुलाई प्रशासन सहायक चौथो तहको कर्मचारीको रुपमा पदनाम कायम गर्ने निर्णय गरियो ।

क. गंगा फुँयाल

ख. प्रेमराज घलान

**१०. जाली भर्ने रकम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा सम्भावित बाढी पहिरोबाट हुने जोखिमलाई न्यूनिकरण तथा विपद व्यवस्थापनका लागि तारजाली खरिद गरिएको र बाढि पहिरोबाट पडित व्यक्तिहरुबाट माग भए बमोजिम वितरण गरिएकोमा उक्त जालीहरुमा ढुङ्गा भरे वापत प्रति घनमिटर रु १,०००।- रकम वडाको सिफारिश, डोर हाजिर फोटो लगायतका प्रमाणको आधारमा सम्बन्धित पिडितलाई प्रकोप व्यवस्थापन कोषबाट (विपद व्यवस्थापन शिर्षकबाट) उपलब्ध गराउने निर्णय गरियो ।

**११. जुईना श्रीपुर सडक खण्ड सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ स्थित जुईना, जुनेली वस्ती तथा वडा नं. ५ कर्मचुली, पावस, राजदमार, श्रीपुर सडकखण्डमा नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा ढुवानी तथा ओसारपसारमा टिपर ट्याक्टर लगायतका साधनहरुको संचालनबाट वायु तथा ध्वनी प्रदुषण भई उक्त क्षेत्रको जनजीवनलाई प्रतिकुल असर गरेको हुँदा उक्त खण्डमा बाटोलाई स्तरीकरण गर्न तथा दैनिक पानी हाल्ने व्यवस्था मिलाईदिनुहुन भनि स्थानीय नागरिकहरुबाट माग भई आएकोमा टिपर ट्याक्टर सञ्चालनका लागि वैकल्पिक बाटोको व्यवस्थापन गर्ने तथा तत्कालका लागि उक्त सडक खण्डमा पानी हाल्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**१२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गतको थप प्राविधिक माग गर्ने सम्बन्धमाः**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई निजि आवासबाट यस गाउँपालिकामा खटिएका प्राविधिकहरुको संख्या कम भई पुनर्निर्माणको प्रकृयामा ढिलाई भइरहेकोमा थप प्राविधिक माग गर्ने निर्णय गरियो ।

**१३. क्षतिपुर्ति सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ स्थित गौतम बुद्ध पर्यटन पार्क विस्तारको क्रममा उक्त पार्क सङ्गै जोडिएको स्थानीय नागरिकहरुले भोगचलन गर्दै आएको जग्गा समेत समेटेको र एक वर्षमा करिव ४५ मुरी धान खेती हुने उक्त खेत गौतम बुद्ध पर्यटन पार्कको स्वामित्वमा रहने गरि

वडा कार्यालयसङ्ग ४५ मुरी (करिव २३ क्वीन्टल) धानको प्रचलित दररेट रु. २८ को दरले क्षतिपुर्ति दिलाउने संझौता भएकोमा सोही बमोजिम क्षतिपुर्ति दिलाउने निर्णय गरियो ।

**१४. पशु सेवा कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा संघीय सशर्त अनुदान अन्तर्गत पशु सेवा तर्फ आ.व. २०७७।७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता शिर्षकमा रु. ७,००,०००।- विनियोजन भएकोमा गत आ.व. मा सो कार्यक्रम वडा नं. २ र ६ मा सञ्चालन गरिएकोमा यस आ.व. मा सोही वडाहरुमा कार्यक्रम निरन्तरता दिने निर्णय गरियो ।

**१५. भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ५ कार्यालय भवन अगाडी खाल्डा खुल्डी रहेको र कार्यालय आवतजावतमा समस्या भएको तथा सौन्दर्य कायम गर्न समेत आवश्यक परेकोले उक्त भुभाग सम्याउन पर्ने आवश्यकता रहेको र वडाले उक्त कार्यको भुक्तानी माग गरेको वडाको सिफारिश, विल, भर्पाईको आधारमा भुक्तानी दिने निर्णय गरियो । साथै गत आर्थिक वर्षमा वडा नं. ९ स्थित गाउँटोल भैरुङदोभान हर्कपुरमा सडक नर्माण गरिएको तथा सिरसिरेदेखि च्याउँच्याउँसम्म मर्मत सम्भार गरिएकोमा सो को भुक्तानीको लागि वडाबाट सिफारिश भएकोमा सो को भुक्तानी बाँकी रहेकोमा चालु आ.व. को स्वीकृत कार्यक्रमको विविध पूर्वाधार शिर्षकबाट सो को भुक्तानी दिने निर्णय गरियो ।

**१६. हात्तीसुँडे प्रहरी चौकी प्रतिक्षालय निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ४ भिमसेन दमार स्थित हात्तीसुँडे प्रहरी चौकी भवन परिसरमा प्रतिक्षालय निर्माणको लागि करिव रु. ३,००,०००।- को लगत अनुमान गरिएकोमा रु. १,००,०००।- चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमको वडा नं. ४ को कार्यक्रममा रु. १,००,०००।- विनियोजन भएकोमा नपुग रकम करिव रु. २,००,०००।- विविध पूर्वाधार निर्माण शिर्षकबाट भुक्तानी दिने गरि कार्य गराउने निर्णय गरियो ।

**१७. धियाल स्थित अस्थायी प्रहरी चौकी भवन मर्मतको भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. २ मा अस्थायी प्रहरी चौकी स्थापनाको लागि उक्त वडाको तीनभञ्ज्याले स्थित प्रयोगमा नरहेको वर्थिङ सेन्टर भवन मर्मत कार्य भै वडा नं. २ कार्यालयले वडाको विविध शिर्षकबाट भुक्तानी दिने गरि वडा समितीको निर्णय सहित पेश गरेकोमा सो को भुक्तानी दिने निर्णय गरियो ।

**१८. जुरेली घुम्ती सडक मर्मत सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ४ र ११ जोड्ने जुरेली घुम्ती सडक खण्डमा यातायात आवतजावतमा सहजताका लागि ब्रेकर प्रयोग गरि सडक विस्तार गरि भुक्तानीका लागि वडाबाट सिफारिश प्रा‍प्त भएकोमा उक्त खण्डको सम्पन्न कार्यको मूल्यांकन गरि गाउँपालिका विविध पूर्वाधार निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**१९. जुरेली खेल मैदान सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा जुरेली खेलमैदानको उत्तर तर्फको भागमा कभर्ड हल बनाईदैरहेको र स्थानीयबासीसँगको समझदारीमा दक्षिण तर्फ खेल मैदानको क्षेत्र बढाउने निर्णय भएको र अघिल्लो आर्थिक वर्ष २०७७।७८ मा निर्माणको केही काम भई उक्त खेल मैदानमा थप कार्यको समेत आवश्यकता रहेकोमा सो को लागि उपभोक्ता समितिको योगदान सहित रु. १०,१७,८४८।३४ लगत अनुमान प्राप्त भएकोमा सो कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने निर्णय गरियो ।

**२०. श्रीपुर कर्मचुली सुधा गडवान रतनपुरी सडक सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा श्रीपुर कर्मचुली सुधा गडवान रतनपुरी सडक स्तरोन्नतीका लागि रु. २,००,००,०००।- बजेट विनियोजन गरिएकोमा सो रकममध्येबाट उक्त सडक सरसफाईका लागि बजेट व्यवस्थापन गरि बाँकी रकमबाट संरचना निमार्णका लागि ठेक्का आव्हान गरिएकोमा ठेक्काको कार्य शुचारु गर्नु अगावै सरसफाई गर्नुपर्ने आवश्यकता रहेकोले उपभोक्ता समिति मार्फत सरसफाईको कार्य अगाडी बढाउने निर्णय गरियो ।

**२१. अखौंले पुल निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा अखौंले खोला पुल निर्माणका लागि रु. ५०,००,०००।- रकम व्यवस्थापन गरिएको र उक्त पुलमा प्रयोग गरिने अधिकांश स्टिल सामाग्रीहरु जिल्ला समन्वय समिति मकवानपुर मार्फत प्राप्त भएको तथा निर्माण सम्बन्धी केही कार्य अघिल्लो आर्थिक वर्ष उपभोक्ता समिति मार्फत भएकोमा चालु वर्षमा पनि उक्त पुल निर्माणको बाँकी कार्य उपभोक्ता समिति मार्फत गराउने निर्णय गरियो । साथै गाउँ कार्यपालिकाको मिति २०७८।०४।२० गतेको निर्णय बमोजिम यस गाउँपालिकाले मकवानपुर जिल्लाको जिल्ला दररेट अनुसार नै योजनाहरु सञ्चालन गर्ने गरेकोमा पुल निर्माणको लागि आवश्यक पर्ने थप संरचनात्मक स्टिल सामाग्रीहरुको जिल्ला दररेट अत्यान्त न्यून भई सो दरमा कार्य गराउन कठिनाई रहेकोमा स्थानीय पूर्वाधार विकास विभाग (DOLI) अन्तर्गतको स्थानीय पुल शाखाको दररेटमा कार्य गराउन सकिने देखिएकोले सो बमोजिमकै तपसिल बमोजिमको दररेट कायम गरि उक्त प्रकृतीका कार्यहरु गराउने निर्णय गरियो ।

| क्र.सं. | विवरण | इकाई | जिल्ला दररेट रु. (मु.अ.क. बाहेक) | कायम गर्नुपर्ने दररेट (स्थानीय पूर्वाधार विकास विभागको दररेट) रु.(मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | Structural Steel (Angle ISA, Steel plates) | किलोग्राम | ७५।- | ९९।५० |

**२२. झोलुङ्गे पुल निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा संघीय सरकार सशर्त अनुदान अन्तर्गत चालु आर्थिक वर्षमा झोलुङ्गे पुल निर्माणको लागि ५ वटा पुलहरु छनौट भएकोमा मोरङ्गे चाँदे झोलुङ्गे पुल बागमती प्रदेश पुर्वाधार विकास

कार्यालयले निर्माण गर्ने र तपसिल बमोजिमका झोलुङ्गे पुलहरुको निर्माण प्रकृया सेवा प्रदायक संस्था **ग्रामीण जागरण तथा विकास संगठन नेपाल (RADO Nepal)** तथा निर्माण उपभोक्ता समितिहरुसङ्गको सहकार्यमा सञ्चालन गर्ने तथा खरिद सम्बन्धि कार्य गाउँपालिका कार्यालयले गर्ने निर्णय गरियो ।साथै गाउँपालिकाले व्यहोर्नुपर्ने १३% बजेट रकम विविध पूर्वाधार शिर्षकबाट भुक्तानी गरिने निर्णय गरियो ।

<u>तपसिल</u>

१. जलजले दमाहा झोलुङ्गे पुल (बकैया खोला) वडा नं. ३ र ८

२. पिप्ले सोवी झोलुङ्गे पुल (लोहाजर खोला) वडा नं. ३ र ४

३. गमलटार वाइवालोसे झोलुङ्गे पुल (घट्टेखोला) वडा नं. ११

४. एक्लेदह बङ्दह झोलुङ्गे पुल (बङ्दह खोला) वडा नं. ८ र ९

**२३. वडा कार्यालयहरुको कार्यालय सञ्चालन तथा अतिथि सत्कार खर्च सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा वडा कार्यालयहरुलाई चाहिने नगदि रसिद, मालपोत रसिद जस्ता सामाग्री बाहेकका कार्यालय सञ्चालन सम्बन्धी अन्य खर्च तथा बैठकमा चिया नास्ता र अतिथि सत्कार खर्चहरु वडा कार्यालयबाट नै गर्नको लागि वडा कार्यालहरुलाई तपसिल बमोजिम नबढ्ने गरी पौष महिना देखि लागु हुने गरि उलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | वडाहरु | कार्यालय सञ्चालन तथा अतिथि सत्कार खर्च | | कैफियत |
|---|---|---|---|---|
| | | साविक | अब | |
| १ | वडा नं ३, ४, ५ | रु. ६,०००।- | रु. १२,०००।- | |
| २ | बाँकी वडाहरु | रु. ५,०००।- | रु. ११,०००।- | |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल